# १५ औं अधिबेशन

## आ.व २०८१/२०८२ का लागि प्रस्तुत

# नीति तथा कार्यक्रम

# त्रिपुरासुन्दरी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**सल्यानटार, धादिङ**

**बागमती प्रदेश , नेपाल**

**२०८१ असार ०९**

## "शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, पर्यटन र पूर्वाधारः समुन्नत समाज त्रिपुरासुन्दरीको मूल आधार"

- त्रिपुरासुन्दरी गाउँपालिकाको १५ औ गाउँसभामा उपस्थित यस गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, यस गाउँपालिकाका राष्ट्र सेवक कर्मचारीमित्रहरु, पत्रकार साथीहरु, सुरक्षाकर्मी मित्रहरु लगायत यहाँहरू सबैमा त्रिपुरासुन्दरी गाउँपालिकाको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु नमस्कार !
- नेपालको संविधान २०७२ अनुसार गठन भएको स्थानीय तहमा आवधिक निर्वाचनबाट दोस्रो कार्यकालको लागि गठित यस गाउँसभा मार्फत नेपाल राष्ट्रको हित, सामाजिक न्याय सहित भेदभाव रहित सेवा प्रवाह गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट समतामुलक समाज र समुन्नत नेपालको निर्माण गर्ने उद्देश्यको साथ यस गाउँपालिकाको स्थानीय सरकारले, आगामी आर्थिक वर्ष २०८१/८२ को लागि वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवाम्बित महशुस गरेको छु ।
- यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, मुलुकको सर्वाङ्गीण विकास समृद्धि र अग्रगमनको लागि नेपालको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष, जनयुद्ध एवम विभन्न आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । देशको विभिन्न राजनीतिक परिवर्तन सहित स्थानीय तहमा नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण श्रद्धेय नेतागण सहित सम्पुर्ण गाउँपालिका निवासी नागरिकहरुमा - हार्दिक कृतज्ञता प्रकट गर्दछु ।
- संघीय, तथा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम आवधिक योजना, दिगो विकासको लक्ष्य, राजनैतिक दलहरूको घोषणा पत्र, स्थानीय तह निर्वाचनमा व्यक्त प्रतिवद्धता, लगायत यस गाउँपालिकासँग सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरुको राय सल्लाह सुझाव समेतको आधारमा यस त्रिपुरासुन्दरी गाउँपालिकालाई सवल आत्मनिर्भर, प्रबिधिमैत्री र सुशासन युक्त बनाउने दृढ संकल्पको साथ आगामी आर्थिक बर्षकी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । स्थानीय सरकार गठन भएको आठौ बर्ष प्रवेश सँगै हामीहरुको यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका छौ । स्थानीय सरकार गठन भए पश्चात् विगतको वर्षहरुमा भएका नवीनतम कार्यहरूको आगामी आर्थिक वर्षमा पनी निरन्तरता दिँदै जानेछौ । गाउँपालिकाको आर्थिक तथा सामाजिक विकास र समृद्धिमा योगदान गर्न सक्ने आयोजनाहरुको पहिचान गरि कार्यन्वयनमा लैजाने नीति लिइनेछ ।
- स्थानीय सरकारको दोस्रो कार्यकालको लागि गठन भएको वर्तमान स्थानीय सरकारले पहिलो र दोस्रो वर्षमा लिएको नीति तथा कार्यक्रम र वजेट अनुसार यो दुई वर्षको उपलब्धिलाई आत्मसात गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । गत आर्थिक वर्षमा लिइएको नीति तथा कार्यक्रम र बजेट कार्यन्वायनमा आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण उपभोक्ता समिति, निर्माण व्यवसायी, गाउँसभा सदस्यहरु तथा गाउँकार्यपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु र सञ्चारकर्मी साथीहरु सहित सबै लाई धन्यवाद दिन चाहन्छु ।

गाउँसभाका सदस्यज्यूहरू,

- यस गाउँपालिकाको दीर्घकालिन सोच **"शिक्षा, स्वास्थ्य, कृषि जलस्रोत पर्यटन तथा पूर्वाधार, सम्मुनत समाज त्रिपुरासुन्दरीको मुल आधार"** रहेको छ ।

- सामाजिक न्याय र सुशासन सहितको "समृद्ध त्रिपुरासुन्दरी सबल स्थानीय सरकार" बनाउने गाउँपालिका -बासीहरूको चाहनालाई पूरा गर्न स्थानीय सरकारबाट प्रदान हुने नागरिक सेवा प्रवाह, विपद व्यवस्थापन, सुशासन, स्रोतको परिचालन, आर्थिक सामाजिक, सांस्कृतिक भौतिक पूर्वाधारको संस्थागत विकास तथा समावेसी समानुपातिक वितरण प्रणाली र भ्रष्टाचार रहित सुशासन मार्फत समुन्नत त्रिपुरासुन्दरी निर्माण गरिने उद्देश्य लिइएको छ ।

गाउँसभाका सदस्यज्यूहरु,

- यस गाउँपालिकाको आगामी वर्षको लागि वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारको आधारहरुलाई अवलम्बन गरिएको छ ।

- नेपालको संविधान २०७२ अनुसूची – ८ बमोजिम संविधानको भाग ४ धारा ४१, ५० र ५१ अनुसार राज्यले तय गरेका निर्देशक सिद्धान्त, अनुसूची-८, मा भएको व्यवस्था अनुसारको साझा अधिकार स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, स्थानीय सरकार संचालन ऐन-२०७४, राष्ट्रिय योजना आयोगबाट प्राप्त निर्देशन र प्रदेश सरकारको नीति तथा कार्यक्रम र आवधिक योजना संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट मार्गदर्शन, गाउँपालिकाको विगतका योजनाहरु, मध्यकालिन खर्च संरचना, स्थानीय नागरिकहरुको माग तथा आवश्यकता, विषयगत विज्ञ तथा बुद्धिजिबीहरुबाट प्राप्त राय, सल्लाह तथा सुझाव. विभिन्न राजनैतिक दल, नागरिक समाज र स्वदेश तथा विदेशमा रहनुभएका त्रिपुरासुन्दरी गाउँपालिका निवासी दाजुभाई तथा दिदिबहिनीहरूको सल्लाह सुझावहरुलाई अवलम्बन गर्दै यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

गाउँसभाका सदस्यज्यूहरु,

- यस गाउँपालिकाको स्थानीय सरकारले **"दिगो भौतिक पूर्वाधार नै, विकासको भरपर्दो आधार"** भन्ने नाराको साथ गाउँपालिका निवासी नागरिकहरूको जनजीविकालाई सहज तुल्याउन भौतिक पूर्वधार विकासको योजना तर्जुमा गरि पूर्वाधार विकासमा जोड दिइनेछ । भौतिक पुर्वाधार तर्फ हालसम्म भएका प्रगतीलाई सम्बर्द्धन र संरक्षण गर्दै गाउँपालिका भित्र संचालनमा रहेका सबै सडकहरुलाई बाह्रै महिना संचालन हुने गरी आवश्यक योजना निर्माण गरिनेछ । **"बजेट अनुसारको पूर्वाधार विकास होइनकी, पूर्वाधार अनुसारको बजेट"** सिद्धान्तलाई अवलम्बन गरिनेछ ।यसको लागि गाउँपालिकाले भौतिक पूर्वाधार योजना बैंक स्थापना गरि उक्त योजना अनुसार भौतिक पूर्वाधारको आयोजनाहरु अघि बढाइनेछ ।

- यस गाउँपालिका भित्र सञ्चालनमा रहेका सम्पूर्ण सडकहरूको विवरण अद्यावधिक गरि गत आर्थिक वर्ष देखि सुरु गरिएको सडक कालोपत्रे तथा पक्की ढलान गर्ने कार्यलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ । यस गाउँपालिकाको स्थानीय सरकारले लिएको प्रमुख लक्ष्य अनुसार यो सरकारको ५ बर्षे कार्यकाल भित्र गाउँपालिका कार्यालय देखि सबै वडाकार्यालयहरु सम्म पक्कि सडक निर्माण गर्ने योजना अनुसार आगामी आर्थिक वर्ष पनि थप सडकहरु कालोपत्रे तथा पक्की ढलान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- त्रिपुरासुन्दरी गाउँपालिका ७ वटै वडा जोड्ने पालिका स्तरीय चक्रपथ निर्माण कार्यलाई प्राथमिकतामा राखि आवश्यक योजना निर्माण गरिनेछ । संघीय सरकारको योजना र प्रदेश सरकारको योजनाहरुलाई समयमै कार्यान्वयन गराउदै मध्यपहाडी लोकमार्ग अन्तर्गतको आरुघाट –सल्यानटार खहरे जलजले सडक तथा खहरे स्थित आँखुखोला माथिको बेलिवृज निर्माण कार्यलाई समयमा सम्पन्न गरिनेछ । जलाशययुक्त बुढिगण्डकी

जलविद्युत आयोजनाको कारण पक्कि पुल निर्माण गर्न कठिनाई भएकोले सिकटार- ठुलोबेशी मुलपानी सडक खण्डमा पर्ने काष्टे खोलामाथि बेलिबृज निर्माण गर्ने कार्यलाई अघि बढाइनेछ ।

- हाल गाउँपालिका भित्र संचालनमा रहेका तथा बढि भन्दा बढि नागरिक लाभान्वित हुने मुख्य सड़कहरुमा खोल्सी- गल्छिना – नरसिंहधाम सडक, खोल्सी - बगैंचा –सिकटार सड़क, सानोगाउँ –आरुघाट सडक, सिकटार- ठुलोबेशी मुलपानी मुर्चोक सडक, सिकटार – दियालीश्वारा –आगिन्चोक- सल्यानकोट- बेलुङ सडक, रिङने हाइड्रो – कार्कीगाउँ वेलुङ सडक, खहरे - आँपचौर – हाइड्रो सडक, खहरे-फुलवारी त्रिपुरासुन्दरी मन्दिर सडक, गणेशस्थान- हटिया त्रिपुरासुन्दरी  मन्दिर सडक, सिमवेशी- सल्लाघारी सडक, जलजले – सिउरेनी -खमारे सडक, झरेडी बेलघारी चिसापानी सडक तथा अन्य धेरै शाखा सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- यस गाउँपालिकामा वर्षाको समयमा मनसुनी वर्षाको कारण हुन सक्ने सडक अबरोधलाई मध्यनजर गरि पालिका भित्रका मूल सडक तथा शाखा सडकहरुमा आवश्यक सतर्कता अपनाई पक्कि ड्रेन निर्माण, ग्याबिन वाल निर्माण, तथा ग्राभेल विछ्याउने कार्य, कजवे निर्माण एवम पहिरो रोकथामको लागि आवश्यक कार्य गरिनेछ ।
- यस गाउँपालिकाले दुई आर्थिक वर्षमा लिएको नीति तथा कार्यक्रम र बजेट कार्यक्रम अनुसार गाउँपालिका भित्र आवश्यक कार्यपालिकाको प्रशासकीय भवनहरु निर्माण सम्पन्न हुने चरणमा रहेको छ । सात वटै वडा कार्यालयहरू सम्पन्न भई संचालनमा आइसकेका छन् भने कार्यपालिकाको कार्यालयमा कृषि तथा पशुसेवा प्रयोगशाला स्थापना सहितको एक सुविधा सम्पन्न कृषि भवनको निर्माण कार्य सुरुवात भैसकेको ।
- आगामी आर्थिक वर्ष २०८१/८२ मा यस गाउँपालिकाको समग्र विकासको निमित्त आवधिक योजना निर्माण तथा गाउँपालिकाको सम्पूर्ण लगत संकलन गरी एक भिलेज प्रोफाइल तयार पारिनेछ । उक्त आवधिक तथा रणनितिक योजनाहरुलाई कार्यन्वयन गर्न यस गाउँपालिकाको आन्तरिक स्रोत परिचालन सँगै प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।यस गाउँपालिकाबाट विनियोजन भएको सबै किसिमको विकास निर्माण आयोजनाहरु २०८१ चैत्र मसान्त भित्र योजना सम्झौता गरिने छ ।
- यस गाउँपालिका भित्र रु१० लाख भन्दा माथिका सबै योजनाहरु ठेक्का प्रकृया मार्फत बोलपत्र आव्हान गरेर कार्यान्वयन गरिन्छ ।
- "नेपाल सरकारले लिएको भू-उपयोग नीति अनुसार निर्माण भएको भू-उपयोग नक्साको प्रभावकारी कार्यान्वयन गरिनेछ । गाउँपालिका भित्रको सम्पूर्ण भूमिको वर्गिकरण पश्चात वन क्षेत्र, कृषि क्षेत्र,आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला क्षेत्र र जल क्षेत्रको सिमांकन गरिनेछ । गाउँपालिका भित्र एकिकृत वस्ती विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राकृतिक जोखिममा परेका भौतिक पूर्वाधार, संरचना तथा सार्वजनिक संस्था एवंम निजि सम्पत्ति र वस्तीको पहिचान गरी वस्ती स्थानान्तरणको योजना बनाई वस्ती विकासको अबधारणा अघि बढाइने छ। पालिका भित्र एक सुव्यवस्थित, हरियाली, प्रविधिमैत्री उद्यान पार्कको स्थापना गरिनेछ । बी. पी. पार्क, अचनेटार स्मार्ट भिलेज पार्क, अल्पु पार्क कुसुनेचौर पार्क, अमरसिंह पार्क लगायत पार्कहरुको स्तोरन्नती तथा सम्वर्द्धन र संरक्षण गर्दै एक वडा एक पार्कको नीति लिइनेछ । गाउँपालिकाको विकासका पुर्वाधारहरुमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइनेछ ।

- गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा रहेका पुरातात्तिक तथा मौलिक किसिमको मानव निर्मित संरचनाहरुलाई संरक्षण, उत्खनन् र संबर्द्धन गर्न स्थानीय समुदायको अगुवाइमा विभिन्न पुल, पुलेसा, चौतारा तथा विभिन्न किसिमका धार्मीक मठ मन्दिरको संरक्षण गरिनेछ ।
- गाउँपालिकाकै गौरवको आयोजनाको रूपमा निर्माण गरिने राष्ट्रिय स्तरको सभा सम्मेलन आयोजना गर्नको निमित्त सल्यानटारमा एक **"त्रिपुरासुन्दरी सम्मेलन केन्द्र"** को स्थापना गर्ने कार्यलाई अघि बढाइनेछ ।
- राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको बुढिगण्डकी जलविद्युत परियोजनाबाट विस्थापित नागरिकहरुलाई मुस्कान सहितको पूर्नवास तथा पुनस्थार्पना कार्यक्रमको लागी संघीय सरकार र आयोजना कार्यालयसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- बुढिगण्डकी जलविद्युत् परियोजनाबाट प्रभावित यस गाउँपालिकाका नागरिकहरुको समस्याहरु संकलन गरी त्यस्ता समस्याहरुको समाधान गर्न प्रभावित क्षेत्रको वासिन्दा, राजनीतिक दल, आयोजना प्रभावित अन्य पालिका र सरोकारवाला निकायसँग समन्वय गरी संघीय सरकारसँग यस परियोजनाको निर्माण कार्य अविलम्व सुरुवात गर्न पहल गरिनेछ ।
- MTMP प्रणाली लागु गरी गाउँपालिका भित्रका सम्पूर्ण सडकहरूको अद्यावधिक गरिनेछ ।
- भौतिक पूर्वाधारको कार्य निर्माण गर्दा चाहिने आवश्यक जनशक्ति उत्पादन गर्दै जाने लक्ष्य अनुसार विभिन्न सिपमुलक तालिम संचालन गरिनेछ ।
- कार्यालयमा सिभिल ल्याव स्थापना गरी विकास निर्माणको गुणस्तरीय मापन गर्नको लागि आवश्यक कार्य गरिनेछ ।
- गाउँपालिका भित्र विभिन क्षेत्रको विकासका निमित्त लागत साझेदारीमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- करका क्षेत्रहरू विस्तारका लागि **"करको दर कम, दायरा फाराकिलो"** भन्ने नीति अनुसार प्रदेश र संघीय सरकारको स्रोतको परनिर्भरतालाई कम गर्दै लैजानको लागी गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै आन्तरिक स्रोत बढाउन गाउँपालिकाको राजस्व सम्बन्धी ऐन, नियम तथा नियमावलीलाई आवश्यक सुधार गरी राजश्व चुहावटलाई कम गर्दै प्रविधिको प्रयोग गरेर राजस्वको दर घटाएर करको दायरा फराकिलो बनाइनेछ । व्यवसायीक प्रकृति र पुँजीगत लगानीको आधारमा व्यवसायको वर्गिकरण गरि करको दर निर्धारण गरिनेछ ।
- गाउँपालिकाको प्रमुख आन्तरिक स्रोत मध्येको माटो, काठ, जडिबुटी, ढुंगा, गिट्टी, बालुवाको उत्खनन् वापतको राजश्वको स्रोतलाई अधिकतम प्रयोग गर्नको लागि आवश्यक ऐन, नियम, तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- राजस्व शाखामा कार्यरत कर्मचारीलाई दक्ष बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ । करदाताहरुलाई राजस्व सम्बन्धी जानकारी गराई कर तिर्नु हाम्रो कर्तव्य हो भन्ने बोध गराउदै समयमै कर दाखिला गर्ने करदातालाई प्रोत्साहन स्वरूप स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधामा प्राथमिकता दिइनेछ । स्थानीय करदाताबाट संकलित राजस्वको कोष गाउँपालिकाको पूर्वाधार विकास र सामाजिक न्यायको हिसाबले विकास निर्माणको कार्यहरूमा खर्च गरिनेछ । सम्पती कर सम्बन्धि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। निजीस्तरमा निर्माण गरिने पक्कि किसिमको भौतिक संरचनाहरुको अनिवार्य नक्सा पास गराई घर बहाल करलाई समेत करको दायरामा ल्याइनेछ । नेपाल चेम्बर अफ कमर्स तथा उद्योग बाणिज्य संघको सहकार्यमा स्थानीय व्यवसायीहरुलाई PAN/VAT सम्बन्धी तालिमको ब्यवस्था गरिनेछ ।

- त्रिपुरासुन्दरी गाउँपालिका भित्र व्यवसायिक रूपमा खाद्यान्न वाली तथा नगदे बालीको उत्पादनमा जोड दिइनेछ। भौगोलिक बनावट, हावापानी सुहाउदो व्यवसायीक तरकारी उत्पादन, फलफुल र फूल उत्पादनमा आत्मनिर्भर बनाई बजारीकरण गरिनेछ। गाउँपालिका भित्रका रैथाने बालीहरु घैया धान, मकै, कोदो, मास, भटमास, तिल, झुसे, आलु, गोलभेडा, अदुवा लसुन आदिको उत्पादनलाई प्रबर्द्धन गरिनेछ।
- "त्रिपुरासुन्दरी गाउँपालिकाको सबै वडाहरुमा एक एक कृषि उत्पादन सहित कृषि गौरवको आयोजना संचालन गरिनेछ। परम्परागत कृषि प्रणालीलाई आधुनीकिकरण, व्यवसायीकरण तथा वैज्ञानिकिकरणमा जोड दिइनेछ। कृषकहरुलाई सहज ढंगबाट बिउ विजन उपलब्ध गराउन बिउ उत्पादन क्षेत्र निर्धारण गरि सबै वडाहरुमा फलफूल तरकारी तथा वनस्पति जन्य जडिबुटीहरुको नर्सरी गरि सहज रुपमा बिउ तथा बिरुवा उपलब्ध गराउन एक बिउ बैंकको स्थापना गरिनेछ।
- रासायीनिक मल तथा बिषादीको प्रयोगलाई निरुत्साहित गर्नको लागि प्राङ्गारिक एवम् जैविक मल उत्पादन गर्ने कारखाना स्थापनाको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।
- कृषकहरुको उत्पादनलाई बजारीकरणको लागि प्रदेश सरकारको सहयोगमा कृषि एम्बुलेन्स संचालन गरिनेछ। मौरी र च्याउ खेतीको संभाव्यता अध्ययन गरी व्यवसायीक उत्पादनमा जोड दिइनेछ।
- कृषिजन्य उत्पादनको विषादी परीक्षण गर्नको लागि कृषि प्रयोगशालाको स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- कृषकहरुको उत्पादनलाई बाँदरबाट जोगाउन' तथा बाँदरको आक्रमणबाट हुने क्षती न्यूनिकरण गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी बाँदर नियन्त्रणको पहल गरिनेछ।
- कृषकहरुको उत्पादनलाई बजारीकरण गर्नको लागि हरेक हप्ता पालिकास्तरीय हाट बजार संचालन कार्यलाई निरन्तरता दिइनेछ।
- त्रिपुरासुन्दरी गाउँपालिकालाई कुखुरा तथा माछा उत्पादनमा आत्मनिर्भर बनाई पालिका बाहिर निर्यात हुने गरी उत्पादनमा जोड दिइनेछ।
- चक्लावन्दी खेती गर्नेलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ।
- उपाध्यक्षसँग कृषि कार्यक्रम अन्तर्गत युवा तथा कृषकहरूलाई व्यावसायीक कृषि खेती तथा पशुपालन तर्फ आकर्षित गर्नलाई आवश्यक सिपमुलक व्यवसायीक तालिमको व्यवस्था गरिनेछ।
- पशुबिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्वच्छ तथा सफा मासु उत्पादन र दुग्ध जन्य पदार्थको उत्पादन गर्नको लागी अनुदान कार्यक्रम संचालन गरिनेछ। एक वडा एक पशु प्राविधिकको व्यवस्था गरिनेछ। पशुपंक्षि जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण तथा रोकथामको लागि आवश्यक कार्य गरिनेछ।
- विद्यार्थीसँग गाउँपालिका अध्यक्ष कार्यक्रम संचालन गरिनेछ।
- सबै शिक्षक तथा विद्यालय कर्मचारीको तलब मासिक रूपमा निकासा गरिनेछ।
- गाउँपालिका अनुदानका सम्पूर्ण शिक्षक, कार्यालय सहयोगी, लेखा कर्मचारी, सामुदायिक सिकाइ केन्द्रका परिचारिकाहरुका लागि दिदै आएको प्रोत्साहन रकम दशैं खर्च, पोसाक भत्ता, प्रसुति सट्टा शिक्षकको अनुदानलाई निरन्तरता दिइनेछ।

- शिक्षाको गुणस्तर वृद्धि गराउन, विषयगत शिक्षक, शिक्षक-विद्यार्थी, बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका परिचारिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, लगायत सरोकारवाला सबैलाई आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।
- कक्षा ११ र १२ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई पूर्ण निशुल्क शिक्षालाई निरन्तरता दिइनेछ। स्नातक तहमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई निशुल्क तथा आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- यस पालिका भित्र कुनैपनि विद्यालयमा रिक्त हुन आउने राहत, करार अनुदान वा नीजि स्रोतका शिक्षकहरूको नियुक्ती र खर्च व्यवस्थापन पालिकाबाट नै गरिनेछ।
- गाउँपालिका भित्रका विद्यालयहरुको नक्साङ्कन, शिक्षक विद्यार्थी अनुमान, शैक्षिक गुणस्तर, भौगोलिक अवस्था समेतको अध्ययन गरि विद्यालय समायोजन एवम् एकिकरण, कक्षा अवन्नती तथा शिक्षक दरबन्दी मिलान गरिनेछ। संस्थागत विद्यालयहरुको नियमित अनुगमन, निरिक्षण र नियमनलाई निरन्तरता दिई शैक्षिक मापदण्ड अनुसार छात्रवृत्ति प्रदान गरे नगरेको तथा संचालन भए नभएको विषयमा अनुगमन गरी शिक्षा नियमावली अनुसार संचालन गर्ने गरी व्यवस्था गरिनेछ। संस्थागत विद्यालयहरुमा अध्यापन गर्ने सम्पुर्ण शिक्षकहरुलाई अनिवार्य अध्यापन अनुमति पत्र लागु गर्ने नीति लिइनेछ। संस्थागत विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुको पारिश्रमिक शिक्षा नियमावली अनुसार सामुदायिक विद्यालय सो सरह बनाइनेछ।
- गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाई लक्षित गरी लोकसेवा तथा शिक्षक सेवा आयोगको परीक्षा तयारी कक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाई मनोपरामर्श कार्यक्रम संचालन गरिनेछ।
- सामुदायिक विद्यालयको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउन खुल्ला सार्वजनिक सुनुवाई, शैक्षिक सरोकारवालाहरुसँग आवश्यक परामर्श, तथा बालबालिकाहरुको वास्तविक समस्या पहिचान गरि उनिहरूको आवाजलाई जनप्रतिनिधि सम्म पुर्याउन विद्यार्थी तथा अभिभावक संग जनप्रतिनिधित कार्यक्रम लागू गरिनेछ।
- पालिकास्तरीय नमुना विद्यालय घोषणा गरिनेछ र अवश्यकता अनुसार "नमुना विद्यालय कार्यवधि" निर्माण गरी अनुदानको व्यवस्था गरिनेछ।
- युवा तथा विद्यार्थीहरुमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन खेलकुद का विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ। पालिका स्तरीय विभिन्न खेलकुद कार्यक्रम संचालन गरिनेछ। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको सम्पूर्ण खर्च पालिकाले व्यहोर्ने छ।
- शिक्षकहरुलाई कार्य क्षमता र अनुभव साटासाट गर्न आन्तरिक सरुवाको व्यवस्था गरी सबै विद्यालयहरुमा खुला प्रतिस्पार्धाको आधारमा तहगत योग्यता र शिक्षा ऐनको आधारमा प्र. अ. छनौटको नीति अवलम्बन गरिनेछ।
- कक्षा ८ को परीक्षालाई पालिकास्तरमा नै गुणस्तरीय रूपमा संचालन गरिनेछ।साथै कक्षा ४ देखी ९ सम्मको वार्षिक परिक्षा पालिकास्तरबाट नै आवश्यक व्यवस्थापन संकलन गरिनेछ। सामुदायिक विद्यालयका विषयगत शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवारी बनाउन नतिजाको आधारमा पुरस्कार र दण्ड को व्यवस्था मिलाइनेछ।

- पालिका तहमा एक राष्ट्रिय क्रिकेट खेल मैदानको निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ। स्वास्थ्य, अनुशासन, राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रवर्द्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अबलम्वन गरिनेछ। पालिका स्तरिय एक खेलकुद विकास समिति गठन गरिनेछ। सामुदायिक विद्यालयको खेलकुद मैदान स्तरोन्नती गर्ने नीति लिइनेछ।
- माध्यमिक विद्यालयहरुमा सञ्चालनमा ल्याइएको वेवसाईट तथा मोबाइल एप्स निर्माणको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- बैदेशिक रोजगार सेवामा रहेका व्यक्तिका परिवारहरुलाई मनोपरामर्श सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ। बैदेशिक रोजगारमा जानुपुर्व पालिकाको समन्वयमा मनोपरामर्श सेवा प्रदान गरिनेछ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थिहरुलाई सामाजिक सञ्जाल तथा सूचना प्रविधि सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालयका प्र.अ.हरुलाई अध्ययन अवलोकन भ्रमण मार्फत शैक्षिक गुणस्तर बृद्धि गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

गाउँसभाका सदस्यज्यूहरु,

- यस गाउँपालिका निवासी सम्पूर्ण नागरिकहरुको आधारभुत स्वास्थ्य सेवालाई निशुल्क तथा सर्वसुलभ र गुणस्तरिय बनाइनेछ । स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन न्युनतम सेवा मापदण्डलाई प्राथमिकताको साथ लागु गरिनेछ। "स्वास्थ्य सुरक्षाको लागि विमा" भन्ने नाराका साथ स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी ढंगवाट सञ्चालन र विस्तार गरिनेछ ।आत्महत्याको बढ्दो दरलाई न्यूनिकरण गर्न मनोसामाजिक परामर्श स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं १ मा रहेको रानीपौवा आधारभुत स्वास्थ्य सेवा केन्द्र र वडा नं ५ मा रहेको चिसापानी सामुदायिक स्वास्थ्य इकाईलाई आधारभुत स्वास्थ्य चौकीको रुपमा स्तरउन्नती गरिनेछ।
- बालबालिका तथा किशोरकिशोरीहरुमा बढ्दै गईरहेको कुपोषणको दरलाई न्यूनिकरण गर्न तथा नियमित खोप कार्यक्रमलाई प्रवर्द्धन गर्दै खोप अभियानलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ। सुरक्षित मातृत्व कार्यक्रम उच्च प्राथमिकताको साथ संचालन गरिनेछ।" मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारा सहित नसर्ने, दीर्घ रोगहरुको रोकथामको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरुको प्रजनन स्वास्थ्य र मातृ तथा बाल स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी उक्त सेवालाई थप सुदृढ बनाईनेछ। महिलाहरुको पाठेघरमुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने लगायत समस्याहरुको पहिचानको लागि स्क्रिमिङ क्याम्प संचालन गरिनेछ । हाल सञ्चालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र सल्यानटारलाई १५ सैया सहितको सल्यानटार अस्पतालको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न भौतिक पुर्वाधारको निर्माण सँगै आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन गरी आवश्यक स्वास्थ्य उपकरणको व्यवस्थापन गरिनेछ।
- HIV/AIDS संक्रमितहरुलाई यातायात खर्च बापत नदोहोरिने गरी एक पटकका लागि रु. १०,०००।– दिइनेछ। पार्किसन्स सहित आठ प्रकारका सम्वेदनशिल रोग लागेका नागरिकहरुलाई एक पटकका लागि रु. १०,०००।– आर्थिक सहयोग गरिनेछ । आकस्मिक दुर्घटनामा परेका घाइतेलाई उद्धार गर्न गाउँपालिका उपाध्यक्ष उद्धार कार्यक्रम सञ्चालन गरिनेछ।

- यस गाउँपालिका भित्र कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता विकासको तालिम सञ्चालन गर्दै प्रोत्साहन स्वरुप कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कृत गरिने व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्ष २०८१/०८२ देखी यस गाउँसभावाट विनियोजित भएका सम्पुर्ण योजनाहरुको सम्झौता सम्बन्धीत वडा बाटै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ । सेवा, प्रवाहलाई गुणस्तर बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणाली लाई अझ भरपर्दो र गुणस्तरीय बनाइनेछ । गाउँपालिकाको विकास निर्माण सुशासन, सेवा प्रवाह, सामाजिक चेतना लगायतका विषयमा कलम चलाउने सञ्चारकर्मी र मिडिया हाउसलाई वार्षिक रुपमा पुरस्कृत र सम्मान गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय प्रयोजनार्थ जिन्सी सामानहरुको खरिद प्रकृयालाई पारदर्शी मितव्ययी र जवाफदेहिता कायम गर्नका लागि सार्वजनिक खरिद ऐन बमोजिम बार्षिक खरिद योजना बनाई लागु गरिनेछ । आवश्यकता अनुसार टोल विकास संस्था, महिला समूह, कृषक समुह, बाल क्लब तथा सामुदायिक मेलमिलाप कर्ताहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । पालिकाबाट दिइने हरेक किसिमको सहुलियत, अनुदान सहयोगका लागि कार्यविधि बनाई त्यसको कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकाबाट सम्पादन हुने नागरिक सेवा प्रवाह, विकास निर्माण, आकस्मिक उद्धार तथा सार्वजनिक सरोकारको विषयमा नागरिकहरुसँग स्थानीय सरकारको नियमित सम्पर्कको लागि गाउँपालिकाको कार्यालयमा २४ सै घण्टा सञ्चालनमा आउने गरी हटलाइन टेलिफोन सेवा सञ्चालन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्र सँगसँगै डिजिटल सुचना पाटीको स्थापना गरिनेछ । सेवाग्राहिको बाक्लो उपस्थिति हुने सार्वजनिक ठाउँहरुमा नि:शुल्क इन्टरनेट सेवा सञ्चालन गरिनेछ । गाउँपालिका तथा वडा तहका सुचनालाई पालिकाको वेबसाईट र पालिकाको फेसवुक पेज मार्फत प्रकाशन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आवधिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ । सार्वजनिक लेखा परिक्षण बार्षिक रुपमा यस गाउँपालिकाले लिएको भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति लाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकालाई पेश्की रहित र वेरुजु मुक्त गाउँपालिका बनाउनको लागि बेरुजु फछ्यौटिलाई उच्च प्राथमिकता दिईनेछ । संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M योजना निर्माण गरी करार जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ ।
- गाउँपालिका न्यायीक समितिबाट प्रबाह गरिने न्यायीक सेवालाई छिटो र सरल बनाइनेछ । साथै न्यायीक समितिबाट प्रवाह हुने सेवालाई स्वचालित बनाइनेछ ।
- योजना अनुगमन समितिमा तेस्रो पक्ष प्राविधिकबाट निष्पक्ष गुणस्तरीय मापनका लागि प्राविधिकको व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिक, अपाङगता तथा असहाय व्यक्तिहरुको लगत अद्यावधिक परिचयपत्र र सुविधाहरुको व्यवस्थापन र वितरण गरिनेछ । जेष्ठ नागरिक भेटघाट स्थल तथा जेष्ठ नागरिक  क्लब गठन गरी नागरिक कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ । आर्थिक अवस्था न्यून भएका विपन्न दलित र सिमान्तकृत समुदायलाई लक्षित गरी क्षमता विकास र आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । एकल महिलाहरुलाई शसक्तिकरण गर्न विभिन्न आयमूलक कार्यक्रम तथा सामाजिक सञ्जालका विकृति सम्बन्धि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- बालबालिकाको अधिकार सुनिश्चितताको लागि गाउँपालिका स्तरको बाल अधिकार निम्ति आवश्यक नीति तर्जुमा गरी बालमैत्री कार्यक्रम सञ्चालन गरिनेछ । पालिका भित्रका प्रत्येक विद्यालयमा बाल क्लब गठन कार्यलाई निरन्तरता दिइनेछ । बाल हिंसा न्युनिकरण, विवाहलाई निरुत्साहित गर्न आवश्यक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- "उपाध्यक्षसँग महिला बालवालिका तथा अपाङ्गता व्यक्ति कार्यक्रम" अन्तर्गत लक्षित वर्गका महिलाहरुलाई विभिन्न आयमूलक तथा सिपमूलक कार्यक्रम सञ्चालन गरिनेछ । अपाङगता सम्बन्धि कार्यविधिलाई आवश्यकता बमोजिम संशोधन गरिनेछ ।
- स्थानीय तहमा दर्ता भएका बेरोजगार नागरिकहरुलाई न्युनतम रोजगारीको प्रत्याभूतिको लागि पालिकास्तरमा एक रोजगार बैंक स्थापना गरिनेछ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई लागत साझेदारीको आधारमा निरन्तरता दिइनेछ | गरिवि न्यूनीकरण तथा रोजगारीका अवसर वृद्धि गर्न पालिकाले संघ तथा प्रदेश सरकार संग आवश्यक समन्वय र सहकार्य गर्नेछ |
- स्थानीय तह भित्र रहेका उद्योग प्रतिष्ठान र रोजगार दाताको सूचीकरण गरी सहकार्य ,गैर सरकारी संस्था तथा अन्य निजि क्षेत्रका संस्थाबाट सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूचना संकलन गरी पालिका भित्रका बेरोजगार युवाहरुलाई रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ |
- कृषि लघुउद्यम र महिला बालबालिका शाखाहरुसंग समन्वय गरी दक्ष जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रबर्द्धन गर्दै सिप पहिचान गरी बेरोजगार व्यक्तिलाई रोजगार प्रादान गरिनेछ |
- साना किसान तथा अन्य कृषि सहकारी संस्थाहरुसंग कृषि र पशुपालनको क्षेत्रमा लागत साझेदारीको नीति अवलम्बन गरिनेछ | सहकारी अनुगमन र नियमनको व्यबस्था मिलाइनेछ |
- गाउँपालिका भित्र संचालित सहकारीहरुलाई सहकारीको शेयर सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रम संचालन गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ | पालिका भित्रका सवै नागरिकहरुलाई सहकारीमा आवद्ध गराउन सहकारी शिक्षा संचालन गरिनेछ | यस गाउँपालिकाको विपद व्यबस्थापन कार्यलाई थप प्रभावकारी बनाउदै विपदको पुर्व आंकलन गरी त्यसको तयारी र हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्न विपद कार्य सम्बन्धि दक्ष जनशक्तिको उत्पादन गरी आवश्यक स्रोत साधनको व्यबस्था गरिनेछ | प्राकृतिक बिपत्ति न्यूनीकरण गर्न वृक्षारोपण कार्यलाई आगामि वर्ष पनि निरन्तरता दिइनेछ | पालिकास्तरीय नर्सरी स्थापनाको लागि आवश्यक कार्य गरिनेछ | सामुदायिक वन उपभोक्ता समुह र जिल्ला वन डिभिजन कार्यालयको समन्वयमा डढेलो नियन्त्रणका लागि गर्नुपर्ने आवश्यक कार्य गरिनेछ |
- पालिका भित्रका पोखरी जलाधार क्षेत्र तथा खानेपानीका मुहानहरुको संरक्षणका लागि स्थानीय सहकार्यमा जलाधार तथा मुहान संरक्षण कार्यक्रम संचालन गरिनेछ |
- पालिकास्तर र वडा स्तरिय विपद व्यवस्थापन समिति गठन गरी प्राकृतिक विपद तथा आकस्मिक घटनाका बारेमा आपतकालीन उद्दार र राहत वितरण कार्यलाई द्रूत गतिमा संचालन गर्न पालिकास्तरीय संयन्त्र निर्माण गरिनेछ | प्राकृतिक विपत्तिको बेला आवश्यक समन्वय र सहकार्य गर्नुपर्ने निकायहरु जिल्ला प्रशासन कार्यालय ,नेपाल प्रहरी ,नेपाल रेडक्रस सोसाइटी ,उद्योग बाणिज्य संघ लगायत स्थानीय बासिन्दा संग आवश्यक समन्वय गरिनेछ |
- पहिरो रोकथाम र भूक्षय नियन्त्रणका लागि पालिका भित्र संचालन हुने हरेक आयोजनाका कुल लागतको १% रकम बायो इन्जिनियरिङमा खर्च गर्नुपर्ने नीति लिइनेछ | यस पालिका भित्र नदि तथा खोलाबाट कटान

भएका उर्वर भुमिहरुलाई आवश्यक तटबन्धनका लागि योजना बनाईनेछ | आपतकालीन उद्दार कार्यका लागि आवश्यक बारुण यन्त्र लगायत अन्य उपकरणहरुको व्यवस्थाका लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ | गाउँपालिकाको मूल सडकहरुको दायाँ बायाँ क्षेत्रमा गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ |

- त्रिपुरासुन्दरी गाउँपालिका भित्रका नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्थापन कार्यलाई अघि बढाउदै "एक घर एक धारा" को अवधारणा अनुसार पालिका भित्र संचालित विभिन्न साना ठुला खानेपानीको आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्नका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ |
- गाउँपालिका स्तरीय एक खानेपानी बोर्ड गठन गरिनेछ | त्यसको लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यन्वयन गरिनेछ |
- स्यानिटरी ल्यान्डफिल्ड साइट छुट्याउनका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ | वडा र टोल स्तरमा सरसफाई तथा फोहोर व्यबस्थापन समिति गठन गरी फोहोरलाई मोहोर बनाउने कार्यलाई निरन्तरता दिइनेछ |
- सार्वजनिक जग्गाको पहिचान र अभिलेखीकरण गरी सार्वजनिक जग्गाको अतिक्रमणलाई नियन्त्रण गरिनेछ | भूमिको डिजिटल नापी नक्साको आवश्यक प्रयोग गरिनेछ | सल्यानटारमा व्यवस्थित वस्ती विकासको लागि आवश्यक नीति तर्जुमा गरिनेछ |
- सशस्त्र संघर्ष, जनयुद्ध, जनआन्दोलन तथा अन्य विभिन्न आन्दोलनमा सहभागी भई शाहदत प्राप्त गर्नुहुने शहिद परिवार ,वेपत्ता परिवार तथा द्वन्दमा परि घाइते तथा अपाङ्ग व्यक्तिको परिवारलाई गाउँपालिका मार्फत सञ्चालन आय आर्जन कार्यक्रममा सहभागी गराई गाउँपालिका भित्र रोजगारमुलक अवसरहरुमा उच्च प्राथमिकता दिइनेछ | साथै शहिद तथा वेपत्ता परिवालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- यस गाउँपालिका भित्रको सम्पूर्ण धार्मिक सांस्कृतिक, तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रबर्धन गर्दै पर्यटकीय पदमार्गको स्तरोउन्नति गरी त्रिपुरासुन्दरी गाउँपालिकालाई एउटा आन्तरिक तथा बाहय पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ | गाउँपालिका भित्रको धार्मिक पर्यटकीय क्षेत्रहरुको परिचय बनाएका नृसिंहधाम, त्रिपुरासुन्दरी मन्दिर ,स्फटिक खम्बा दृश्यावलोकनका लागि त्रिपुरासुन्दरी देखि सुन्दरीमाई मन्दिर सम्मको पदमार्ग क्षेत्रहरुको प्रचारप्रसार र त्यहाँको भौतिक पूर्वाधार विकासको लागि आवश्यक कार्य गरिनेछ |
- यस गाउँपालिकाको वडा नं १ र २ मा रहेका दराई र कुमाल जातिको संस्कृति र पहिचान झल्किने गरी एक सांस्कृतिक सङ्ग्रालय निर्माण गरिनेछ | यस त्रिपुरासुन्दरी गाउँपालिका भित्रका धार्मिक, सांस्कृतिक तथा जातिय भेषभुषा, रहनसहन र जीबनशैली तथा सामाजिक पहिचानको संरक्षण र सम्बर्द्धन गरिनेछ | स्थानीय धार्मिक तथा सांस्कृतिक चाडपर्वहरुको राष्ट्रिय रुपमा प्रचार प्रसार गरी स्थानीय भाषा साहित्यको सम्बर्द्धन गर्न साहित्यिक कार्यक्रमहरुको आयोजना गरिनेछ |
- नेपालको संबिधान २०७२ र संघियताको मूल मर्म समन्वय ,सहअस्तित्व र सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्दै संघियतालाई अझ मजबुत बनाउदै देशको समग्र उन्नति र प्रगतिमा योगदान दिनका लागि अन्य स्थानीय तह ,प्रदेश र संघीय सरकारसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ | नदि ,खोला बन जस्ता प्राकृतिक स्रोतको उपयोग व्यबस्थापन वातावरण संरक्षण, विपद व्यवस्थापन ,पूर्वाधार विकास ,पर्यटन र खेलकुद विकास जस्ता विषयहरुमा छिमेकी स्थानीय तहसंग समन्वय र सहकार्य गरिनेछ |

- राष्ट्रिय स्तरका ठुलाटार तथा उस्तै भूगोल भएका र अन्तरास्ट्रिय स्तरमा समेत मिल्दो जुल्दो बिशेषता र असल अभ्यास भएका स्थानीय सरकारहरुसंग भगिनी सम्बन्ध बिस्तार गरिनेछ |
- गाउँपालिका भित्रको विद्युतीकरणको कार्यलाई व्यवस्थित बनाउदै लगिनेछ । काठको पोलमुक्त गाउँपालिका घोषणा गरिनेछ | अव्यवस्थित रुपमा टांगिएको नाङ्गो तारको व्यवस्थापन गर्ने नेपाल बिधुत प्राधिकरणसंग सहकार्य गरिनेछ | सडक बत्ति जडान कार्यलाई निरन्तरता दिइनेछ | बैकल्पिक उर्जालाई प्रयोग गर्न गराउन स्थानीय बासिहरुलाई प्रोत्साहन गरिनेछ |

गाउँसभाका सदस्यज्यूहरु !

- चालू आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम ,योजना तथा बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने जनप्रतिनिधि, साथीहरु, कर्मचारीमित्रहरु तथा त्रिपुरासुन्दरी गाउँपालिका निवासी आमनागरिकहरुमा हार्दिक धन्यबाद प्रकट गर्दछु | आगामी आर्थिक बर्ष २०८१/०८२ को माथि उल्लेखित नीति, कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न बजेट विनियोजन गरी कार्य संचालन गरिनेछ | यस वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनमा यहाँहरुको अझै बढी सहयोग र क्रियाशिलताको अपेक्षा गर्दछु | यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु ,प्रमुख प्रशासकीय  अधिकृत ,लेखा अधिकृत ,सूचना अधिकृत लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता सहित धन्यबाद ज्ञापन गर्दछु |

२०८१ असार ९

राजु उप्रेती

अध्यक्ष